# मुड्केचुला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
नर्कु डोल्पा
कर्णाली प्रदेश नेपाल

### कर्मचारी आवश्यकता सम्बन्धि सुचना
**प्रथम पटक प्रकाशित : २०८२/०७/०९**

नेपाल सरकार, फिनल्याण्ड सरकार, युरोपियन युनियन तथा मुड्केचुला गाउँपालिकाको सँयुक्त सहकार्यमा यस गाउँपालिकामा सँचालन भै रहेको सवैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (SUSWA) आयोजनाको लागि तपशिल वमोजिमको पदमा सेवा करार पदपुर्ती गर्नका लागि निम्न वमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट वैयक्तीक विवरण र निवेदन सहित सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा दरखास्त पेश गर्न हुन यो सुचना प्रकाशन गरिएको छ ।

..............................
रेशम महतारा
प्रमुख प्रशासकिय अधिकृत

रेशम महतारा
प्रमुख प्रशासकीय अधिकृत

तपशिलः

| क्र.स. | विज्ञापन नम्वर | पद | सँख्या |
|---|---|---|---|
| १ | SUSWA-०२-०८२-०८३ | वाश संयोजक (WASH Coordinator) | १ |
| २ | SUSWA-०३-०८२-०८३ | वाश प्राविधिक (WASH Technician) | १ |

### १. आवश्यक न्युनतम् योग्यता तथा अनुभव

१.१ **वाश संयोजक (विज्ञापन नं.** SUSWA-०२-०८२-०८३, **आवश्यक संख्या :** १(एक)

- कम्तीमा स्नातक तह (ग्रामिण विकास, समाजशास्त्र, ब्यवस्थापन वा सो सरह) उत्तिर्ण गरि कम्तीमा ५ बर्षको ग्रामीण विकास, योजना तर्जुमा र ब्यवस्थापनमा कार्य गरेको अनुभव भएको हुनु पर्ने त्यो ५ बर्ष मध्ये खानेपानी सरसफाई तथा स्वच्छताको क्षेत्रमा अनिवार्य कम्तीमा ३ बर्ष काम गरेको हुनु पर्ने ।
- सामाजिक परिचालन, तालिम सहजिकरणमा ज्ञान सिप तथा स्वच्छ छबि भएको
- अंग्रेजी र नेपाली भाषा लेखन र बोलाईमा राम्रो दखल सहित स्थानीय भाषामा राम्रो जानकारी भएको
- आधारभुत कम्पुटर (MS word, Excel, power point) को ज्ञान र प्रतिवेदन क्षमता भएको
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्य गरेकोलाई बिशेष ग्राह्यता दिईने।
- सम्वन्धित पालिकाका नागरिकलाई बिशेष प्राथमिकता दिईने छ।

१.२ **वाश प्राविधिक (विज्ञापन नं.** SUSWA-०३-०८२-०८३, **आवश्यक संख्या :** १(एक)

- CTEVT बाट सिभिल इन्जिनियरिङमा TSLC वा मान्यता प्राप्त शैक्षिक/विकास संस्थाबाट कम्तिमा ३० दिने खानेपानी तथा सरसफाइ सम्बन्धि तालिम प्राप्त गरेको
- लिफ्ट तथा ग्राभिटी खानेपानी योजनाहरूको स्वतन्त्र रूपमा निर्माण सम्पन्न गरेको र वाश क्षेत्रमा २ वर्षको अनुभव भएको, हुनु पर्नेछ । सरसफाइ, स्वच्छता र पानीको गुणस्तर सम्बन्धि अनुभव भएकोलाई बिशेष ग्राह्यता दिइने
- दातृ निकायहरूको सहयोगमा संचालित कार्यक्रमहरू/आयोजनाहरू र स्थानीय सरकार अन्तर्गत काम गरेको अनुभव भएकोलाई ग्राह्यता दिइने
- नेपाली भाषा बोलाई र लेखाइमा प्रखर, कार्य क्षेत्रको स्थानीय भाषाहरूमा भाषिक दक्खल भएकालाई ग्राह्यता दिइने
- स्वतन्त्र रूपमा काम गर्न सक्ने क्षमता भएको
- सहजीकरण र संचार सीप राम्रो भएको
- स्थानीय समुदायहरूसँग र बहु-सांस्कृतिक वातावरणमा घुलमिल भइ काम गर्ने क्षमता भएको

**२. दरखास्त दिने स्थान :** मुड्केचुला गाउँ कार्यपालिकाको कार्यालय ।

**३. दरखास्त दिने अन्तिम मिति :** २०८२/०७/२३

**४. आवेदन दस्तुर :** वाश संयोजकको लागी रु. १००० (अक्षरेपी रु. एक हजार मात्र) र वाश प्राविधिकको लागी ५०० (अक्षरेपी रु. पाँच सय मात्र) मुड्केचुला गाउँपालिकाको राष्ट्रिय बाणिज्य बैंकमा रहेको आन्तरीक राजश्व खाता नं. ४५२०१००३०१०१०००२ मा जम्मा गरेको भौचर संलग्न राख्नु पर्नेछ ।

**५. छनौंटको किसिम :** प्रारम्भिक योग्यताका क्रमको सुची प्रकाशन, लिखित तथा मौखिक परिक्षा तथा वाश संयोजक पदको लागि कम्प्युटर परीक्षण समेत गरिनेछ |

**६. आवेदनका साथ सँलग्न राख्नु पर्ने कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय वमोजिमका कागजातहरुको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ |

| | | |
|---|---|---|
| १. नागरीकता | २. चारित्रीक प्रमाणपत्र | ३. काम सँग सम्वन्धित अनुभवका कागजातहरु |
| ४. न्युनतम् योग्यताको लव्धाङ्क प्रमाण पत्र | ५. बैयक्तिक विवरण (बायो डाटा) | ६. कामसँग सम्वन्धित तालिमका प्रमाणपत्रहरु |

**७. परिक्षा मिति :** पछि प्रकाशन गरिनेछ |

**८. अन्य :** आवश्यक पाठ्यक्रम WASH, Management, GEDSI, DMM, CCA/DRR, GK आदि |